"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

## प्रेस विज्ञप्ति

मितिः २०७९/०२/१९

१. नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०७९/०२/१७ च.नं. ६८८ को पत्रबाट नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/०२/१० को निर्णयबाट पेट्रोलियम पदार्थको सीमावर्ती मूल्य अन्तर समेतको आधारमा मन्त्रालयले करका दररेट समायोजन गर्ने निर्णय कार्यान्वयन सम्बन्धी विषय पेश हुँदा हाल आर्थिक ऐन, २०७९ संसदमा विचाराधिन रहेकोले करको दर हेरफेर गर्न मनासिब नभएकाले तत्कालका लागि मूल्यमा पूर्वाधार कर बराबरको रकम प्रति लिटर रु. १०/- समायोजन गर्ने सम्बन्धको पत्र श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई प्राप्त भएको सन्दर्भमा निगम संचालक समितिको निर्णय अनुसार आज मिति २०७९/०२/१९ को राती १२:०० बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु. १०/- ले घटाइ पेट्रोल, डिजल र मट्टितेलको नयाँ खुद्रा बिक्री मूल्य (देशैभर निगमको डिपो परिसरवाट १५ कि. मि. सम्म) क्रमशः प्रति लिटर रु. १७०/-, रु. १५३/- र रु. १५३/- प्रति लिटर कायम गरिएको छ । साथै हवाइ ईन्धन (आन्तरिक र वाह्यतर्फ) र एल. पि. ग्यासको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत् कायम राखिएको छ । यस समायोजन अनुसार १ जुन, २०२२ को मूल्यसूचीको आधारमा निगमको प्रति इकाई नाफा/नोक्सान निम्नानुसार रहेको छः-

| क्र. स. | पेट्रोलियम पदार्थ | खरीद लागत (रु. प्रति लिटर) | हालको बिक्री मूल्य (रु. प्रति लिटर) | नाफा/घाटा (रु. प्रति लिटर) | १५ दिनको नाफा/घाटा (रु. करोडमा) |
|---|---|---|---|---|---|
| १. | पेट्रोल | २०१।४१ | १७०।०० | -३१।४१ | -९१.७६ |
| २. | डिजेल | १८१।३३ | १५३।०० | -२८।३३ | -१८६.५८ |
| ३. | मट्टितेल | १४७।५६ | १५३।०० | ५।४४ | ०.२९ |
| ४. | हवाई इन्धन (आन्तरिक) | १४८।५४ | १६६।०० | १७।४६ | ५.१७ |
| ५. | हवाई इन्धन (बाह्य) | १२७।७३ | $१।५४५ | ६४।६७ | २६.६० |
| ६. | एल. पी. ग्यास (प्रति सिलिण्डर) | २,५५१।१५ | १,८००।०० | -७५१।१४ | -१४३.२४ |
| | | | १५ दिनको (पाक्षिक) अनुमानित जम्मा घाटा (रु. करोडमा) | | - ३८९.५२ |

२. एल. पी. ग्यासमा हाल भइरहेको घाटा न्यूनिकरण गर्न निगम संचालक समितिको मिति २०७९/०२/१९ को निर्णय बमोजिम एल. पी. ग्यासको घरायसी एवं व्यवसायिक प्रयोगका लागि अलग-अलग मूल्य कायम गर्न निगम संचालक समितिको सदस्यज्यूको संयोजकत्वमा सरोकारवालाको प्रतिनिधि समेत रहने गरी एक उपसमिति गठन गर्ने निर्णय भएको छ।

३. निगमले जुन महिनाको लागि पहिलो किस्ता वापत रु. १६ अर्व र बाँकी वक्यौता बापतको अर्को रु. १६ अर्व गरी जम्मा रु. ३२ अर्व आगामी जुन ८ तारिखमा भुक्तानी गर्नु पर्नेछ । तर यस अवधिमा ईन्धन बिक्री वापत संकलन हुने रकमबाट करिव रु. ९.५ अर्व मात्र भुक्तानी दिनसक्ने स्थिति देखिएकोले आगामी दिनमा पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री वितरणको कार्य व्यवस्थित गर्न निगमलाई थप कठिन तथा चुनौतीपूर्ण हुने देखिएको छ ।

४. यो आर्थिक वर्षको वैशाख मसान्तसम्ममा निगमलाई करिव रु. ४७ अर्व नोक्सानी भइसकेको र असार मसान्तसम्ममा झण्डै रु. ६० अर्व नोक्सानी हुने स्थिति देखिएको छ ।

५. विदेशी मुद्रा खर्च गरी महंगो मूल्यमा आयात गर्नुपर्ने पेट्रोलियम पदार्थहरूको प्रयोग सकेसम्म कम गरी विद्युत लगायतका स्वदेशी ऊर्जाको खपत बढाउनुपर्ने राष्ट्रिय आवश्यकतालाई आम उपभोक्ताहरूले समेत मनन गर्नु हुनेछ भन्ने विश्वास निगमले लिएको छ ।

धन्यवाद् ।

२०७९।२।१९

(पुस्कर कार्की)

सह-प्रवक्ता

Scanned with CamScanner